नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (-यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०५/०३ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | आई.एफ.सी.एच. किचन प्रा. लि., काठमाडौं-०३, पानीपोखरी | • ढुसी परेको डुनट बिक्री वितरण गरिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा भान्साको सरसफाइ तथा फोहोरमैलाको व्यवस्थापन सन्तोषजनक नरहेको<br>• कीट नियन्त्रणको व्यवस्था प्रभावकारी नभएको<br>• डुनट फ्राई गर्ने तेलको TPM ११.५% भई मापदण्ड अनुकूल पाइएको<br>• कृत्रिम खाद्य रंग प्रयोग गर्ने गरेको र उक्त रंगका सय (१००) ग्रामको पाँच (५) बट्टा पाइएको<br>• उपभोग्य मिति समाप्त भएको दुई सय (२००) ग्रामको दुई प्याकेट सोय चंक र लेबल विवरण नभएको एघार (११) पिस क्रोसंट पाइएको<br>• ढुसी परेको डुनट फेला नपरेको। | • पाँच (५) बट्टा कृत्रिम खाद्य रंग, उपभोग्य मिति समाप्त भएको दुई (२) प्याकेट सोय चंक र लेबल विवरण नभएको एघार (११) पिस क्रोसंट नष्ट गरिएको<br>• अनुगमन निरीक्षणका क्रममा फेला परेका कैफियत सुधार गरी सात (७) दिन भित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको। |

| | | | |
|---|---|---|---|
| २. | कृष्ण पाउरोटी एण्ड कन्फेक्सनरी, काठमाडौं-१, कमलपोखरी | • तयारी खाद्य पदार्थमा बाहिरी वस्तु भेटिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा निर्माण कार्य हुँदै गरेको<br>• बेकरी पदार्थ सिल नगरी बिक्री वितरण गरेको<br>• कृत्रिम खाद्य रंग पकाउने खाद्य पदार्थमा समेत प्रयोग गर्ने गरेको पाइएको<br>• खाद्य अनुमतिपत्र तीन (३) वटा उत्पादनको मात्र लिएको पाइएको। | • निर्माण कार्य र उत्पादन समय अलग गरी संचालन गर्न निर्देशन दिइएको<br>• अनुमतिपत्र लिएको खाद्य पदार्थ बाहेकको उत्पादन बन्द गरी अविलम्ब उत्पादन थप गर्न निर्देशन दिइएको<br>• बेकरी पदार्थ सिल गरेर मात्र बिक्री वितरण गर्न तथा कृत्रिम खाद्य रंग पकाउने प्रयोजनमा प्रयोग नगर्न निर्देशन दिइएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०५/०८

**अनुगमनका केहि झलकहरु:**











